का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ मंसिर २०८२
बिहीबार
20 November 2025
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २३, अंक २८० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



पूर्वघोषित कार्यक्रम बिथोल्न गरिएको हर्कतले मुलुकको शान्ति सुरक्षामाथि गम्भीर चिन्ता उत्पन्न गरेको छ । शान्तिपूर्ण राजनीतिक गतिविधि गर्न पाउने संविधानप्रदत्त अधिकार हो ।

**● योगेश भट्टराई**
सचिव, नेकपा एमाले

हामीले एमालेको कार्यक्रममा गएर लफडा गरेका होइनौं । एमालेका कार्यकर्ताहरूले हाम्रो कार्यक्रम बिथोल्न खोजेकाले प्रतिकार गरेका हौं ।

**● शिव यादव**
जेनजी संयोजक, मधेश प्रदेश

# दल–जेनजी फेरि तनाव

**कार्यक्रममा झडप हुने संकेत बुझेर दुई दिनदेखि नै सामाजिक सञ्जाल नियमन गरिएको र बुधबार बिहानै सुरक्षाका सबै संयन्त्र कमान्ड पोस्टमार्फत परिचालन गर्दा समेत स्थिति असामान्य बनेपछि कर्फ्यु आदेश जारी गरेको बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले जानकारी दिए ।**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ मंसिर

नेकपा एमाले र जेनजी समूहबीच फेरि तनावपूर्ण स्थिति सिर्जना भएको छ । बुधबार नेकपा एमालेको भ्रातृ संगठन युवा संघले बाराको परवानीपुरमा मधेस प्रदेशस्तरीय युवा जागरण अभियान कार्यक्रम राखेको थियो । सो कार्यक्रममा एमालेका महासचिव शंकर पोखरेलसहित भानुभक्त ढकाल, महेश बस्नेतलगायतका नेता काठमाडौंबाट सिमरा जाँदै थिए । नेताहरू सिमरा विमानस्थल झर्ने पक्का भएपछि स्थानीय जेनजी समूहका युवाहरू विमानस्थलबाहिर जम्मा भएर नेतालाई रोक्ने प्रयास गरेका हुन् । सो क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा स्थिति असमान्य भएको हो ।

भदौ २३ र २४ को जेनजी आन्दोलले सत्ता उलटपुलट बनाएसँगै सुशीला कार्की नेतृत्वको नागरिक सरकारले देशको शासन सत्ता चलाएको छ । चुनाव गराउन गठन भएको अन्तरिम सरकार चुनावको तयारीमा लागिरहँदा राजनीतिक चुनावको मुख्य सरोकारवाला पक्ष राजनीतिक दलहरूले आफ्ना राजनीतिक कार्यक्रम लिएर जिल्लास्तरमा जान थालेका छन् । यसै सन्दर्भमा बुधबार एमालेका नेताहरू पार्टी कार्यक्रममा सहभागी हुन जान पाएनन् ।

सरकारले घोषणा गरेको फागुन २१ को प्रतिनिधि सभा चुनावका सम्बन्धमा यस घटनाले संशय थपेको देखिन्छ । पार्टी नेताहरूलाई स्वागत गर्न पूर्वमन्त्री तथा एमाले नेता किसान श्रेष्ठ, ज्वालाकुमारी साह र अच्युत मैनाली विमानस्थलमा पुगेका थिए । तर महेश बस्नेत बारा ओर्लने सूचना पाएलगत्तै मंगलबारदेखि नै जेनजी युवाहरूले सामाजिक सञ्जालमार्फत विरोध कार्यक्रम तय गरेको स्थानीय प्रशासनले जनाएको छ । जेनजी समूहका युवाहरूले विमानस्थलको गेट तोडफोड गर्दै विमानस्थलभित्रका सार्वजनिक संरचना र सवारीसाधनमा समेत क्षति पुऱ्याएको बारामा सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले बताए ।

‘एमालेका नेताहरू पार्टीको कार्यक्रममा आउने कार्यक्रम केही दिनअघि नै तय भए पनि प्रशासनलाई आधिकारिक जानकारी थिएन,’ उनले मध्यान्हसँग भने, ‘पार्टीको कार्यक्रमबारे थाहा पाएपछि झडप हुने संकेत बुझेर हामीले दुई दिनदेखि नै सामाजिक सञ्जाल नियमन गरेका थियौं । त्यहीअनुसार बुधबार बिहान ९ बजेबाटै सुरक्षा अंगका सबै संयन्त्र परिचालन गरेका थियौं । कमान्ड पोस्टमा जम्मा भएर आवश्यक निर्देशन नियन्त्रण गर्दा पनि स्थिति असामान्य बनेपछि कर्फ्यु आदेश गऱ्यौं ।’

सुरुमा सिमरा विमानस्थलमै प्रदर्शनकारी र एमाले समर्थित युवाबीच झडपसमेत भएको थियो । स्थिति सामान्यीकरण गर्न सुरक्षा अंगका सबै सयन्त्र परिचालन गरे पनि भिड अनियन्त्रित भएको भट्टराईको भनाइ छ । एमाले युवा संघले सातवटै प्रदेशमा जेनजीसँग युवा जागरण अभियान राखेको जनाएको छ । सो कार्यक्रममा जान नपाएका एमाले नेता महेश बस्नेतले काठमाडौंमै पत्रकार सम्मेलन गरेर सरकारले पार्टीका कार्यक्रममा »» पृष्ठ २ मा

# पार्टीलाई मंसिर १० को समयसीमा

**प्रतिनिधि सभा सदस्यको चुनाव लड्न चाहने राजनीतिक दलले यही मंसिर १० गतेसम्म निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्नुपर्नेहुन्छ । यस अवधिमा ठुला राजनीतिक दल दर्ता प्रक्रियामा जान्छन् कि जाँदैनन् त्यसले आगामी फागुन २१ को निर्वाचनको सुनिश्चितता तय गर्दछ ।**



निर्वाचनको विश्वसनीयताका लागि प्रमुख दलहरूलाई मंसिर १० गतेभित्र निर्वाचन आयोगमा अनिवार्य दर्ता गराउनु हाम्रो पहिलो र अनिवार्य सर्त हो ।

**● सुशीला कार्की**
प्रधानमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ मंसिर

सरकार र निर्वाचन आयोग प्रतिनिधि सभा सदस्यको निर्वाचनको तयारीमा अगाडि बढिसकेका छन् । सरकारले निर्वाचनका लागि आवश्यक पर्ने बजेट विनियोजन गरिसकेको छ भने निर्वाचन आयोगले निर्वाचन तालिका सार्वजनिकलगायतका कार्य सकाएको छ ।

तर आगामी फागुन २१ मा चुनाव हुन्छ कि हुँदैन भन्ने संशय राजनीतिक दलहरूमा कायमै छ । यही विषयमा नेपाली कांग्रेस र नेकपा एमालेले सभामुख देवराज घिमिरेसँग समेत छलफल गर्दै आएका छन् ।

कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे र एमालेका मुख्य



सचेतक महेश बर्तौला सभामुख घिमिरेलाई भेट्न सिंहदरबारस्थित उनकै कार्यकक्ष पुगेका थिए । उनीहरूबीच आइतबार भेट भएको हो । विघटित प्रतिनिधि सभामा कांग्रेस संसदीय »» पृष्ठ २ मा

## निराशा चिर्ने नाम खोज्दै नयाँ दल

जेनजी आन्दोलनपछि दर्ता भएको एउटा नयाँ दल हो- राष्ट्रिय परिवर्तन पार्टी । यसको अध्यक्षमा राजेश पटेल रहेका छन् । पटेल गत २४ भदौमा जेनजी आन्दोलनका क्रममा घाइते भएका थिए । यो पार्टीको चुनाव चिह्न बाँसुरी रहेको छ । दल दर्ताको प्रमाणपत्र पाएपछि पटेलले भने, ‘हाम्रो नाम र काम समान हुनेछ । देशमा परिवर्तन आउँछु भनेर आफ्नो ज्यानसम्म अर्पण गर्ने प्रत्येक शहीदको सपना पूरा गर्नेछौं ।’ उनका अनुसार जेनजीले भ्रष्टाचारविरुद्ध तत्काल »» पृष्ठ २ मा

- *हर्क साम्पाङ- श्रम संस्कृत पार्टी*
- *माधवप्रसाद खतिवडा- नागरिक बचाऊ दल*
- *किशोरी कार्की- नवनिर्माण पार्टी*
- *जीवन लिम्बु- एकता नेपाल*
- *प्रशान्त सिंह- पिपुल फस्ट पार्टी*
- *चन्द्र प्रकाश सुवेदी- सुन्दर नेपाल निर्माण*
- *अभियन्ता खगेन्द्र सुनार- हाम्रो नेपाल पार्टी*




**वैदेशिक रोजगार विशेष**

# विदेश जाने कामदारको संख्यामा ठुलो गिरावट

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ मंसिर

वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा ठुलो गिरावट आएको छ । गत वर्षको कात्तिक महिनाको तुलनामा यस वर्षको कात्तिक महिनामा संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारमा जानेको संख्यामा ५७ प्रतिशतले कमी आएको छ ।

वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष कात्तिकमा समग्रमा ७५ हजार ५ सय ५५ जना वैदेशिक रोजगारमा गएकोमा यस वर्ष कात्तिक महिनामा ७३ हजार ९४ जना मात्रै गएका छन् । म्यानपावर कम्पनीबाट गत वर्ष कात्तिकमा २८ हजार ८ सय ६८ जना गएकोमा यस वर्ष कात्तिक महिनामा १२ हजार १ सय ४९ जना मात्रै गएका छन् । प्रतिशतका हिसाबले यो संख्या ५७ प्रतिशतले घटेको देखिन्छ ।

वैदेशिक रोजगार व्यवसायीहरूका अनुसार जेनजी आन्दोलनपछि प्रमुख रोजगार गन्तव्य युएईमा जाने क्रम लगभग शून्य छ भने अर्को मुख्य गन्तव्य मलेसियामा »» पृष्ठ २ मा

## कात्तिकमा धेरै कामदार पठाउनेमा नीलकमल पहिलो, साउन्डलाइन्स दोस्रो र एसओएस तेस्रो

काठमाडौं/मस- अघिल्ला महिनाहरूभन्दा तुलनात्मक रूपले थोरै कामदार वैदेशिक रोजगारमा गएको कात्तिक महिनामा नील कमल ह्युमन रिसोर्स प्रालि २ सय १९ जना कामदार पठाएर कात्तिक महिनामा धेरै कामदार पठाउने म्यानपावर कम्पनीको सूचीको शीर्ष स्थानमा परेको छ । यसैगरी साउन्डलाइन्स रिक्रुटमेन्ट सर्भिस प्रालि १ सय ६६ जना पठाएर दोस्रो तथा एसओएस म्यानपावर सर्भिस प्रालि १ सय ६२ जना पठाएर तेस्रो स्थानमा रहेका छन् ।

अन्य महिनाहरूमा सात दर्जन हाराहारीमा म्यानपावर कम्पनीले एक सय बढी कामदार वैदेशिक रोजगारमा पठाएकोमा कात्तिक महिनामा एक सय जना भन्दा बढि कामदार पठाउने म्यानपावर १७ मात्रै »» पृष्ठ २ मा

## थाइल्यान्डबाट ३७ नेपालीको उद्धार

**काठमाडौं/मस-** थाइल्यान्डको बैंककस्थित नेपाली दूतावासले म्यानमार सुरक्षाकर्मीले छापा मारेपछि भागेर थाइल्यान्ड प्रवेश गरेका ३७ नेपालीलाई उद्धार गरी स्वदेश फर्काएको छ ।

बैंककस्थित नेपाली दूतावासले उनीहरूलाई बुधबार नेपाल एयरलाइन्सको उडान नं. आरए४०२ मार्फत नेपाल फर्काएको हो ।

आकर्षक रोजगारीको प्रलोभनमा परी विभिन्न माध्यमबाट म्यानमारमा पुगेर त्यहाँ अवैध रूपमा सञ्चालन भएका अनलाइन स्क्यामिङ केन्द्रहरूमा विभिन्न अनलाइन बेटिङ, अनलाइन »» पृष्ठ २ मा




# कुलतमा विद्यार्थी

## विद्यालय पोसाकमै पिउँछन् चुरोट

**कतिपय घरपरिवारका सदस्यले चुरोट पिएको देखेर त कतिपय साथीको लहलहैमा लागेर चुरोट पिउने गर्छन् । साथीहरूसँग भेटघाट गर्ने र टाइम पास वाहना पनि चुरोट नै बनेको छ ।**

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ३ मंसिर

साहुजी ! ‘चुरोट तान्दिम् त’ साथमा चिया पनि है । कलेजको पोसाकमा आएका एक हुल ‘टिनएजर’ले यसरी नै अर्डर गरे । अनि पुस्तक र नोटबुकले भरिएको ब्याग साइड लगाउँदै क्याफेमा बसे । क्याफेमा अन्य पाका मानिस थिए तर उनीहरूका लागि कलेज पोसाकमै चुरोट मागाउनु, पिउनु सामान्य भइसकेको थियो ।

क्याफेका साहुले चुरोट दिए, साथमा चिया पनि टेबलमा राखिदिए । चुरोटको सर्को तान्दै गफिन थाले । उनले साथीहरूलाई भन्दै थिए, ‘के गर्नु देशमा भविष्य छैन ।’ चुरोटको धुवाँ सबैतिर फैलियो । त्यहाँ बसेका मानिस कोही नाक खुम्चाउन थाले त कसैले हातले चुरोटको धुवाँ पन्छाउन थाले । तर उनीहरू बिनामतलब चुरोटको सर्को तान्दै धुवाँ फाल्दै गए ।

त्यसैक्रममा एक टिनएजरले भने, ‘चुरोट तानेको बाउले थाहा पाए भने मार्छन् ।’ उनले आफ्नो नाम खुलाउन चाहेनन् । व्यवस्थापक संकाय लिएर कक्षा ११ मा अध्यनरत छन् उनी । घरमा बुबा र दाइले चुरोट तान्ने गरेकाले आफूले पनि रहरले चुरोट पिउने गरेको बताए । ‘चियासँगै चुरोट पिउन आनन्द लाग्छ अहिले त बानी लागिसक्यो,’ उनले भने ।

सँगै व्यस्थापन संकायमा कक्षा १२ मा अध्यनरत अर्का विद्यार्थी छन् । उनी भने साथीहरूले चुरोट तानेको देखेर रहर लागेपछि आफूले पनि चुरोट तान्न सिकेको बताउँछन् । साथीहरूसँग भेटघाट गर्ने चुरोट तान्ने र टाइम पास गर्ने गरेको बताए । घरपरिवारमा कसैले चुरोटको नतानेको तर साथीको लहलहैमा लागेर चुरोट तान्ने गरेको उनले बताए । सुरुसुरुमा चुरोट तान्न लाज लागे पनि हिजोआज कुनै अफ्ठेरो नलाग्ने गरेको उनले बताए । ‘घर परिवार र आफन्त अनि शिक्षकहरूले पनि चुरोट तानेको देखिसक्नुभएको छ, अरूको मतलब छैन,’ उनले भने । »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
४ मंसिर २०८२ बिहीबार
20 November 2025 Thursday

# निर्वाचन सेल गठन गरिने

**काठमाडौं/मस-** सरकारले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, विश्वसनीय, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा व्यवस्था मजबुत बनाउने निर्णय गरेको छ।

गृहमन्त्रालयमा बुधबार बसेको केन्द्रीय सुरक्षा समिति बैठकले त्यसका लागि ' प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' को प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरेको हो ।

निर्वाचन लक्षित सुरक्षा योजना चारवटै सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयमार्फत कार्यान्वयन चरणमा रहेको छ ।

बैठकले प्रदेशस्तरमा प्रमुख सचिवको संयोजकत्वमा सबै सुरक्षा निकायका प्रमुख, आन्तरिक मामिला मन्त्रालयका सचिव र सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी सम्मिलित कमाण्ड पोष्ट तथा निर्वाचन सेल गठन गरी निर्वाचन सुरक्षा व्यवस्थापन सक्रिय हुन लेखी पठाउने निर्णय गरेको गृह मन्त्रालयले जनाएको छ ।

उक्त विषय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत लेखी पठाउने बैठकको निर्णय छ । बैठकले वर्तमान अवस्थालाई मध्यनजर गरी



सबै सुरक्षा निकायले आपसी समन्वयमा प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने निर्णयसमेत गरेको छ ।

बैठकमा मुलुकको पछिल्लो सुरक्षा अवस्था, चारवटै सुरक्षा निकायबाट सुरक्षा चुनौतिको प्रस्तुति, छलफल एवं सोको समीक्षा र विश्लेषण भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

दल दर्ता गर्नेको संख्या २५ पुग्यो

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा निर्वाचनमा भाग लिनका लागि दल दर्ता गर्नेको संख्या २५ पुगेको छ ।

आयोगले सूचना जारी गरेको तेस्रो दिन ८ दलले दर्ता गराएसँगै आगामी प्रतिनिधि सभाको निर्वाचनमा भाग लिनका लागि दर्ता गर्ने दलको सङ्ख्या २५ पुगेको हो ।

आयोगका अनुसार बुधबार दलमर्दन कामी नेतृत्वको संयुक्त नागरिक पार्टी, खड्गप्रसाद पालुङ्ग्वा नेतृत्वको नेपाल जनमुक्ति पार्टी, चन्द्रदेव जोशी नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (संयुक्त), जितेन्द्र घिमिरे नेतृत्वको राष्ट्रिय यथार्थवादी पार्टी नेपाल, एकनाथ ढकाल नेतृत्वको नेपाल परिवार दल, हरिनारायण यादव नेतृत्वको राष्ट्रिय जनता पार्टी नेपाल, चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चा र किशोरकुमार विश्वास नेतृत्वको समावेशी समाजवादी पार्टी दर्ता भएका हुन् ।

यस्तै आगामी माघ ११ गतेका लागि तय भएको राष्ट्रिय सभा सदस्य निर्वाचनमा भाग लिनका लागि भने अहिलेसम्म ६ वटा दल दर्ता भएका छन् । जसमा बुधबार केपी शर्मा ओली नेतृत्वको नेकपा (एमाले) र चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चा दर्ता भएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका अनुसार आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा निर्वाचनमा भाग लिनका लागि मंसिर १० गतेसम्म र आगामी माघ ११ गतेका लागि तय भएको राष्ट्रिय सभा निर्वाचनमा भाग लिनका लागि मंसिर ७ गतेसम्म निर्वाचन प्रयोजनका लागि दल दर्ता गरिसक्नुपर्नेछ ।

# मधेश प्रदेशका सभामुख महाभियोगमार्फत पदमुक्त

**काठमाडौं/मस-** मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल महाभियोगमार्फत पदमुक्त भएका छन्। बुधबार प्रदेश सभामा प्रस्ताव पेस हुँदा ७६ मतले समर्थन पाएको थियो, जुन आवश्यक दुईतिहाइ (७२) भन्दा बढी हो। कात्तिक २७ गते ७ दलले पदअनुकूल आचरण नगरेको आरोपसहित प्रस्ताव दर्ता गरेका थिए। एकतर्फी ढंगले सभा सञ्चालन गर्दै विपक्षीलाई रोष्टम प्रयोग गर्न नदिएको, सत्तापक्षलामात्र बोल्ने अवसर



दिएको र विपक्षी अनुपस्थितिमै बैठक चलाएकोजस्ता आरोप लगाइएको थियो ।

प्रस्ताव दर्ता बेला ६४ सदस्यले हस्ताक्षर गरेका थिए। प्रस्तावलाई नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेकपा (एकीकृत समाजवादी) र नागरिक उन्मुक्तिले समर्थन गरेका थिए ।

# संसद् ब्युँताउनु द्वन्द्व निम्त्याउनु हो : शेखर कोइराला

**काठमाडौं/मस-** नेपाली कांग्रेसका वरिष्ठ नेता डा.शेखर कोइरालाले विघटित संसद पुनर्स्थापनाको बाटोतिर दलहरू लागे मुलुकमा अर्को द्वन्द्व निम्तिने बताएका छन् । बुधबार बालुवाटारस्थित सम्पर्क कार्यालयमा भेट गर्न गएका पार्टीका नेता कार्यकर्तासँग नेता कोइरालाले जेनजीको भावना विपरित कसैले संसद ब्युँताउन खोजे फेरि मुलुकले अर्को आन्दोलनको सामना गर्नुपर्ने अवस्था आउने बताएका हुन् ।



संसद के का लागि पुनर्स्थापना गर्ने? उनले प्रश्न गर्दै भने 'एमालेका नेताहरू संसद पुनर्स्थापनाको मुद्दा लिएर हिँड्नु भएको छ। कांग्रेसका पनि केही साथिहरू लाग्नु भएको छ भन्ने सुनेको छु। उहाँहरू किन त्यसतर्फ लाग्नुभएको छ, मलाई थाहा भएन। तर, त्यसले अर्को द्वन्द्व निम्तन सक्छ ।'

संसद पुनर्स्थापना गरेर फेरि जेनजी आन्दोलनले हटाएका केपी ओली, शेरबहादुर देउवा, प्रचण्ड संसदमा ल्याउनलाई हो भने त्यो निकासको बाटो नभएको उनको जिकिर छ । 'जेनजीको आन्दोलनबाट हटाइएका नेताहरू संसदमा देखाउन संसद पुनर्स्थापना गर्नु उपर्युक्त छैन्', नेता कोइरालाले भने 'संविधान संशोधन गरेर नागरिकको समस्या सम्बोधन गर्ने गरी हो भने ठिक छ, के विषय संशोधन गर्ने भन्ने बुँदागत रूपमा पहिला क्लियर हुनुपर्छ । एक महिनाको समयभित्र संविधान संशोधनमार्फत जेनजी लगायत सबैको भावना समेटेर देशलाई निकास दिन प्रतिबद्धतासहित जान सकिन्छ । तर, ती तीन नेताहरू संसदमा देखिनुहुँदैन् ।' मुलुकको अवस्था बिग्रिएको बेला सबै राजनीतिक दलहरूले पहिला देश र जनताका लागि सोच्नुपर्ने उनको भनाइ छ । 'देशनै रहेन भने को को पार्टी ? सबैले मिलेर पहिला देश बचाऊ, त्यसपछि पार्टीहरूका विषयमा चिन्ता गरौं' उनले भने । गत भदौ २३ र २४ को घटनापछि मुलुकको स्थिति खराब भएकाले सरकार र राजनीतिक दलहरूले संयमित भएर राष्ट्र बचाउने अभिप्रायकासाथ काम गर्नुपर्ने उनको भनाइ छ ।

**दल ...**

जाने नेताहरूको सुरक्षा दिन नसकेको प्रति खरो आलोचना गरेका छन्। जेनजी प्रदर्शनकारीको अवरोधका कारण युवा संघले राखेको मधेश प्रदेशको कार्यक्रम नै भाँडिएको छ। कार्यक्रममा जान काठमाडौं विमानस्थल पुगेका नेताहरू शंकर पोखरेल, भानुभक्त ढकाल, महेश बस्नेसहितका नेता विमानस्थलबाटै फर्किएका थिए। यो अवस्था आउनुमा सरकारको सुरक्षा संवेदनशीलता नदेखिएको एमालेका नेताहरूले कटाक्ष गरेका छन् ।

एमाले सचिव योगेश भट्टराईले पार्टीको कार्यक्रम बिथोलिँदा मुलुकको शान्ति सुरक्षामाथि गम्भीर चिन्ता उत्पन्न गरेको टिप्पणी गरेका छन् । 'नेकपा एमाले महासचिव सहभागी हुने पूर्वघोषित कार्यक्रम बिथोल्न गरिएको हर्कतले मुलुकको शान्ति सुरक्षामाथि गम्भीर चिन्ता उत्पन्न गरेको छ,' भट्टराईले भनेका छन्, 'देशको एक ठाउँबाट अर्को ठाउँमा निर्विवाद हिँडडुल गर्न पाउने तथा शान्तिपूर्ण राजनीतिक गतिविधि गर्न पाउने संविधानप्रदत्त अधिकारको सम्मान गर्न सबैमा अपिल गर्दछु ।'

घटनापछि जेनजी मधेश प्रदेशका संयोजक शिव यादवले घटनाको कारक एमाले भएको दाबी गरेका छन्। बुधबार बिहान बाराको सिमरामा जेनजीहरूले आयोजना गरेको पूर्वनिर्धारित शान्तिपूर्ण कार्यक्रमका लागि बिहान १० बजे नै भेला भएका साथीहरूलाई एमाले कार्यकर्ताले कुटपिट गरेपछि स्थिति तनावग्रस्त बनेको यादवले दाबी गरेका छन् । उनले भने, 'हाम्रो कार्यक्रमस्थलदेखि युवासंघको कार्यक्रमस्थल २० किलोमिटर टाढा थियो। तर हाम्रा साथीहरूले गरेको कार्यक्रममा एमालेका कार्यकर्ताहरू आएर कुटपिट गरेपछि स्थिति तनावग्रस्त बनेको हो ।' आफूहरूले कसैको अभिव्यक्ति स्वतन्त्रतामाथि हनन नगरेको उनको दाबी छ । एमालेका कार्यकर्ताहरूले आफूहरूलाई रोक्न खोजेको संयोजक यादवले बताए । 'हामीले एमाले कार्यक्रममा गएर लफडा गरेका होइनौं तर एमालेका कार्यकर्ताहरूले हाम्रो कार्यक्रम बिथोल्न खोजेकाले प्रतिकार गरेका हौं,' उनले भने। यादवले फेसबुक स्टाटस नै लेखेर एमाले नेता बस्नेतलाई मधेश प्रदेशमा निषेध गर्न सरकारसमक्ष मागसमेत गरेका छन् ।

सिमराका जेनजी समूहका युवाहरूले विमानस्थल घेराउ गरेपछि विमानस्थलको सुरक्षामा जनपथ र सशस्त्र प्रहरीको ठुलो समूह खटिएको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ । सहायक प्रजिअ भट्टराईले भने, 'जेनजीका युवाहरूको आन्दोलन भड्काउपूर्ण स्थितितिर गएपछि नेपाल प्रहरी, सशस्त्र प्रहरीको ठुलो संख्या तैनाथ गरे पनि स्थिति नियन्त्रणमा आएन। विमानस्थल आक्रमण भयो, केही गाडीमा क्षति भयो । यसलाई प्रशासनले एकखालको आक्रमणकै रूपमा लिएको छ ।' राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सिमरामा भएको घटनाप्रति ध्यानाकर्षण भएको जनाएको छ । 'निर्वाचनको माहोल बनाउन राजनीतिक दलले सार्वजनिक कार्यक्रम आयोजना गर्न पाउनुपर्छ र सरकारले आवश्यक सुरक्षा उपलब्ध गराउनुपर्छ,' रास्वपाले भनेको छ । एमालेले जेनजीहरूलाई दबाउन खोज्दा प्रतिकार भएको र त्यसक्रममा बारा जिल्ला संयोजक उपाध्यायसहित चार/पाँच जना जेनजी युवा घाइते भएको यादवले बताएका छन् ।

**पार्टीलाई...**

दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेका अनुसार सभामुखसँगको भेटमा एमालेका तर्फबाट महेश बर्तौला थिए । बर्तौला विघटित प्रतिनिधि सभामा एमाले संसदीय दलका प्रमुख सचेतक थिए ।

सभामुखसँगको भेटमा प्रतिनिधि सभा पुनर्स्थापनाबारे कुराकानी भएको घिमिरेले जानकारी दिए। आगामी निर्वाचन हुन्छ कि हुँदैन भन्ने विषयमा समेत छलफल गर्न गएको भन्दै उनले सभामुखसँगको भेटघाटलाई स्वाभाविक भनेका छन् । कांग्रेस र एमालेका नजरमा एकातिर प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा मुद्दा छ । अर्कोतिर सरकारले निर्वाचनको वातावरण बनाइरहेको छैन ।

गत २७ भदौमा प्रतिनिधि सभा विघटन भएको थियो । आगामी २१ फागुनका लागि चुनावको मिति तय भएको छ । निर्वाचन तयारीअन्तर्गत निर्वाचन आयोगले आगामी ६ माघमा उम्मेदवारी दर्ताको समयसहितको निर्वाचन तालिका सार्वजनिक गरिसकेको छ । नेताहरूका अनुसार प्रतिनिधि सभा सदस्यको चुनाव लड्न चाहने राजनीतिक दलले यही मंसिर १० गतेसम्म निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्नुपर्नेहुन्छ । यस अवधिमा ठुला राजनीतिक दल दर्ता प्रक्रियामा जान्छन् कि जाँदैनन् त्यसले आगामी फागुन २१ को निर्वाचनको सुनिश्चितता तय गर्दछ ।

निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय सुरु भएसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल मजदुर किसान पार्टी (नेमकिपा)लगायतले दल दर्ताको निवेदन दिइसकेका छन् । बाँकी सबै दललाई निर्वाचनमा सहभागी गराउने प्रयासमा प्रधानमन्त्री कार्की रहेकी छन् ।

निर्वाचनमा दलहरूको सहभागिता सुनिश्चित गर्न उनले नागरिक समाजलगायतसँग समेत छलफल गरेकी छन् । नागरिक समाजसँगको छलफलमा प्रधानमन्त्री कार्कीले भनेकी छन्, 'निर्वाचनको विश्वसनीयताका लागि प्रमुख दललाई मंसिर १० गतेभित्र निर्वाचन आयोगमा अनिवार्य दर्ता गराउनु हाम्रो पहिलो र अनिवार्य सर्त हो। मंसिर १० को समयसीमा निर्वाचन सुनिश्चितताको प्रमुख सूचक हो ।' यसका लागि सरकारले के गरिरहेको छ त ? प्रधानमन्त्री कार्कीको जवाफ छ, 'सरकारले ट्र्याक-टु संवादमार्फत विभिन्न दलसँग विश्वासको वातावरण बनाउने काम गरिरहेको छ ।'

नेताहरूका अनुसार प्रधानमन्त्री कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालले कांग्रेस, एमाले र अन्य दलका दोस्रो तहका नेताहरूसँग संवाद गरिरहेका छन् ।

निर्वाचन आयोगका अनुसार फागुन २१ को चुनावका लागि आगामी माघ ६ गते बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन पत्र दर्ता हुनेछ । सोही दिन बेलुका ५ बजेदेखि ७ बजेसम्ममा उम्मेदवारको सूची प्रकाशन हुनेछ । मनोनयन पत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि माघ ७ गते बिहान १ बजेदेखि दिउँसो ३ बजेसम्म हुनेछ । सोही दिनको दिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्ममा मनोनयन पत्र र उजुरी उपर जाँचबुझ एवं निर्णय गरी माघ ८ गते बेलुका ५ बजेदेखि ७ बजेसम्ममा उम्मेदवारको नामावली प्रकाशन गरिनेछ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम मंसिर २० गतेदेखि सञ्चालन हुनेछ । यो कार्यक्रमअनुसार मंसिर २१ गते बिहान १० बजेदेखि २३ गते दिउँसो ४ बजेसम्म समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेस गर्नुपर्नेहुन्छ । मंसिर २४ गते बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म निवेदन पेस गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने, पुस १३ र १४ गतेसम्म राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेस गर्नेछन् । माघ २० गते उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने कार्यक्रम छ ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार फागुन २१ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ ।

**निराशा...**

ठोस कदम सुरु होस् भनेर आन्दोलन गरेका हुन् । प्रणाली परिवर्तन गरेर प्रत्यक्ष कार्यकारीको दिशामा स्पष्ट रोडम्याप तयार हुनुपर्नेछ । अर्थात्, नामअनुसार परिवर्तन पक्षधरहरूको नेतृत्व गर्ने यो पार्टीको प्रतिबद्धता छ । जेनजी आन्दोलनपछि उदाएका नयाँ दलहरूको नाम हेर्दा जनतामा रहेको निराशा नामबाटै चिर्न सकिन्छ कि भनेर प्रयत्न गर्नेहरू धेरै छन् । नामबाटै जनताको मन जित्ने र मतमार्फत सत्तामा पुग्ने लालसा राखेर दलको नामबाटै ऊर्जा भर्ने प्रयास गरेको देखिन्छ ।

किशोरी कार्कीको नवनिर्माण पार्टी छ। जीवन लिम्बुले एकता नेपाल नामक दल बनाएका छन् । टीकाराम पुरीको राष्ट्रिय गौरव पार्टी छ । नुमा लिम्बुको समावेशी समाजवादी पार्टी बनेको छ । सन्दीप उप्रेतीले राष्ट्रिय स्वाभिमान पार्टी बनाएका छन् । प्रशान्त सिंहको पिपुल फस्ट पार्टी छ । सुन्दरराम बोहराको आवाज पार्टी छ। चन्द्र प्रकाश सुवेलदीले सुन्दर नेपाल निर्माण पार्टी बनाएका छन् ।

गणेशकुमार मण्डलले 'सार्वभौम नागरिक पार्टी' नामक दल बनाएका छन् । रत्नप्रसाद श्रेष्ठ नेतृत्वमा 'नागरिक सर्वोच्चता पार्टी नेपाल' छ । कविर सोपले आफ्नै नेतृत्वमा 'नागरिक उन्मुक्ति पार्टी नेपाल' नामक दल बनाएका छन् ।

हिमालयबहादुर चन्दले युवाहरू राजनीतिमा छन् भन्ने सन्देश नामबाट दिन पार्टीको 'नेपाल राष्ट्रिय युवा पार्टी' रोजे। अभियन्ता खगेन्द्र सुनारको 'हाम्रो नेपाल पार्टी' छ । सविन सिग्देलनको नेतृत्वमा 'राष्ट्र निर्माण पार्टी' बनेको छ। 'राष्ट्र निर्माण दल नेपाल' नाम राखेर अकबर खान अगाडि बढेका छन् । माधवप्रसाद खतिवडा नेतृत्वको नागरिक बचाऊ दल नेपालले निर्वाचन आयोगबाट आधिकारिता पाइसकेको छ । धरानका मेयर हर्क साम्पाङ श्रम संस्कृत पार्टी दर्ता गरेर चुनाव लड्दै छन् ।

**कुलतमा ...**

पछिल्लो समय यसरी नै चुरोटको लतमा फसेका छन् टिनएजरहरू । सामान्य चिया होटल, क्याफे,सम्म टिन एजरहरू नै चुरोटको धुवाँमा मस्त देखिन्छन् । दैनिक २५ बट्टाको हाराहारीमा शिखर चुरोट बेच्ने गरेको बागबजारस्थित चिया क्याफे सञ्चालक अशोक न्यौपानेले बताउँछन् । त्यसै हाराहारीमा सूर्य चुरोट पनि बेच्ने गरेको उनको भनाइ छ । अधिकांश विद्यालय तहका विद्यार्थीहरू क्याफेमा चुरोट माग्न आउने गरेको उनले बताए । दरबारमार्गस्थित लुम्बिनी खाजा घरका सञ्चालक महेश श्रेष्ठले त झनै १७/१८ वर्षका विद्यार्थी नै बढी चुरोट माग्न आएको देखेर पसलमा नै कुनै समय चुरोट नराखेको किस्सा सुनाए । स्कुल कलेजका पोसाकमा नै टिनएजर चुरोट माग्न आउन थालेपछि केही समय त मैले चुरोट नै राख्न बन्द गरे,' उनले भने ।

वरपरका क्याफेहरूमा चुरोट बिक्री भइरहेपछि आफ्नो होटल सुक्न थालेपछि पुनः चुरोट बेच्न थालेको उनले बताए । स्कुले विद्यार्थीहरूले चुरोट तानेको देख्दा दुःख त लाग्छ तर के गर्नु एउटाले मात्रै चुरोट बेच्न बन्द गरेर मात्र नहुँदो रहेछ,' उनी दुःख पोख्छन् ।

पछिल्लो समय टिनएजमा धुम्रपान गर्नेहरूको एउटा लहड नै छ । चुरोटको प्याकेटमै तस्बिरसहित लेखिएको हुन्छ- 'धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ ।' तर पनि त्यसलाई ख्यालै नगरी चुरोट तानिरहेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो आर्थिक वर्षमा २९ हजार २ जनाले धुम्रपान सेवनवाट ज्यान गुमाएका छन् । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले धुम्रपान गर्ने व्यक्तिमा मस्तिष्क घात, श्वासप्रश्वासमा समस्यालगायत रोग बढिरहेको बताउँछन् ।

**विदेश...**

ठुलो संख्यामा जाने म्यानुफ्याक्चरिङ क्षेत्र नखुलेका कारण कामदार जान पाएका छैनन् ।

युरोपेली मुलुकमा सिजनल भिसा भन्दै व्यक्तिगत रूपमा असुरक्षित रूपमा पठाउने र शरणार्थी आवेदन गर्न उक्साउने क्रम बढेको बताइएको छ ।

गत वर्ष कात्तिकमा १४ हजार २९ जना युएई गएकोमा यस वर्ष कात्तिकमा २ सय ६५ जना मात्रै गएका छन् । कात्तिकमा सबैभन्दा धेरै साउदी अरेबियामा १५ हजार ७ सय ६९ जना गएकोमा म्यानपावर कम्पनीबाट ३ हजार ५ सय ६५ जना गएका छन् ।

दोस्रोमा रहेको कतारमा १३ हजार ७ सय ३२ जना गएकोमा म्यानपावर कम्पनीबाट १ हजार ९ सय ९० जना, युएईमा १३ हजार ३ सय ९९ जना गएकोमा म्यानपावर कम्पनीबाट २ सय ६५ जना गएका छन्, मलेसियामा ९ हजार ८ सय ७२ जना गएकोमा म्यानपावर कम्पनीबाट २ हजार ६ सय ३१ जना गएका छन् ।

त्यसैगरी ५ हजार २ सय ७८ जना गएको कुवेतमा म्यानपावर कम्पनीमार्फत १ हजार ८ सय २२ जना गएका छन् । कात्तिकमा बेलायतमा एक जना, माल्दिभ्समा १२, अल्जेरियामा ६२, मरिससमा १ सय २७, जोर्डनमा १ सय ४७, जापानमा १ सय ९०, बहराइनमा २ सय ७६, साइप्रसमा ५ सय १३ तथा ओमानमा ५ सय ५० जना गएका छन् ।

यसवर्ष साउनदेखि कात्तिकसम्म चार महिनामा २ लाख ७५ हजार ७ सय ६२ जना नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक गएका छन् । कात्तिकमा ६ सय ५३ म्यानपावर कम्पनीले कामदार पठाएका छन् ।

**कातिकमा...**

रहेको वैदेशिक रोजगार विभागको तथ्यांकमा उल्लेख छ ।

**कात्तिक महिनामा धेरै कामदार पठाउने कम्पनी :**

नील कमल ह्युमन रिसोर्स प्रालि- २१९
साउन्डलाइन्स रिक्रुटमेन्ट सर्भिस प्रालि- १६६
एसओएस म्यानपावर सर्भिस प्रालि- १६२
इन्डेक्स रिक्रुटमेन्ट प्रालि- १५१
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट प्रालि- १४६
मोभिरा एचआर सर्भिस प्रालि- १४०
द रिभर ओभरसिज प्रालि- १३९
एससिसी म्यानपावर कम्पनी प्रालि- १२९
भिजन एण्ड भ्यालु ओभरसिज प्रालि- १२७
मोन्टेज ओभरसिज प्रालि- ११४
लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रालि- ११२
एमिनेन्स रिक्रुटमेन्ट इन्टरनेसनल प्रालि- ११२
मिनावा रिक्रुटमेन्ट एचआर प्रालि (इशामान म्यानपावर प्रालि)- १०७
आयुष ओभरसिज प्रालि- १०३
अल-हयात म्यानेजमेन्ट सिस्टम प्रालि- १०२
अक्सफोर्ड इन्टरनेसनल प्रालि- १०२

**थाइल्यान्डबाट...**

क्यासिनो, गेमिङ तथा फिसिङ, क्रिप्टो ठगीलगायतका काममा उनीहरूलाई लगाइएको थियो ।

गत कात्तिक २ गते स्क्यामिङ केन्द्रमा म्यानमार सुरक्षाकर्मीको छापा मारेपछि त्यहाँ कार्यरत ३७ नेपाली भागेर थाइल्यान्ड प्रवेश गरेका थिए ।

'थाइल्यान्ड प्रवेश गरेका ३७ नेपाली नागरिकहरूलाई नेपाली राजदूतावासले थाइल्यान्डका सम्बन्धित निकायहरूको समन्वय र सहयोगमा उद्धार गरी २०८२ मंसिर ३ गतेका दिन नेपाल एयरलाइन्सको उडान नं. आरए ४०२ मार्फत नेपाल फर्काएको छ,' बैंककस्थित नेपाली दूतावासद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ । त्यसैगरी, म्यानमारको म्यावडीमा रहेका थप २३ जना, थाइल्यान्डको मेसोटमा रहेका दुई जना तथा कम्बोडियामा रहेका चार जना नेपालीहरूलाई यथाशीघ्र नेपाल फर्काउने गरी म्यानमार, कम्बोडिया तथा थाइल्यान्डका सम्बन्धित निकायहरूसँग समन्वय भइरहेको दूतावासले जनाएको छ ।

'नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभले कम्बोडिया, लाओस, म्यानमार, थाइल्यान्डलगायतका मुलुकहरूमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावास सम्बन्धित सबैमा पुनः अनुरोध गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।


**Kedarsyun Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Deura, Bajhang**
**SudurPashchim Province, Nepal**

**Invitation For Electronic Bids for Procurement of WOrks**

**Date of publication:- 2082/08/04 (20 Nov 2025)**
**Invitation for Bids No: 02/2082/083**

Kedarsyun Rural Municipality, Office of Rural Municipal Executive, Deura Bajhang invites electronic bids on 2082/08/04 from Nepalese eligible bidders under National Competitive Bidding(NCB) Procedures for procurement of works Mentioned below:

| Contract No. | Description of Work and Location | Estimated Amount with VAT | Bid Document fee NRs. | Bid Security NRS |
|---|---|---|---|---|
| KRM/SQ/Goods-02/2082/083 | Construction of Bhagbati Mandir Nirman ward 1 Chaudam | 19,39,509.01 | 1000.00 | 48,500.00 |

Purchase, Submission and Opening:

| Contract Date | Late Date Of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|
| Email: kedarasyumun@gmail.com | Time | Date | Time | Date |
| Contact No.: 9858485003/9858454835 | 12:00 Noon | 05-12-2025 | 14:00 Noon | 05-12-2025 |

| Bank Name and Address | Office Name | Revenueac Details(Antarik Rajaswa Khata) | | Deposit A/C Details(Dharauti Khata) | |
|---|---|---|---|---|---|
| | | Account Name | Account Number | Account Name | Account Number |
| Nepal Investement Mega Bank Jhota/ Deura Branch | Office of kedarasyun Rural Municipal Exective, Deura, Bajhang | GA 1.1 KEDARSYUN GAUPAALIKA AANTARIK RAJSHWO KHATA | 07501400250009 | GA 3.1 KEDARSYUN GAUPALIKA DHARAUTI KHATA | 07501400250153 |

- Tender documents shall follow public procurement Act, 2063( Latest Amendment)
- Elifible Bidders may refer complete set of bid Document for futher information at office of Kedarsyun Rural Municipality, Bajhnag of PPMO's website www.bolptra.gov.np/egp and bidders shallhave the option of submitting their bids electronically only
- The Employer reserves the right to accept or reject, wholly or partly any or all Sealed Quotation without assigning any reason whatever

# महाधिवेशनको मिति र स्थान तोक्न कांग्रेसको विशेष महाधिवेशन पक्षधरको माग




**काठमाडौं/मस–** नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षधरले तत्काल विशेष महाधिवेशनको मिति र स्थान तोक्न माग गरेको छ ।

बुधबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै विशेष महाधिवेशन पक्षधरले विधानअनुसार अगामी पुस २८ गतेभित्र भित्र विशेष महाधिवेशन गर्नेगरी मिति र स्थान तोक्न माग गरेको हो । पत्रकार सम्मेलनमा बोल्दै लेखनाथ पोखरेलले ५५ दिनभित्र विशेष महाधिवेशन गर्नुको विकल्प नरहेको बताए । उनले महाधिवेशनको मागलाई उपेक्षा गरेर केन्द्रिय समिति बैठकलाई अनिर्णयको बन्दी बनाइएको भन्दै नियमित महाधिवेशनको कार्यतालिका स्वीकार नगरिने समेत बताए । उनले विशेष महाधिवेशनका बाँकी प्रतिनिधिहरुलाई समेत हस्ताक्षर अभियानमा सहभागी हुन आह्वान गरे ।

उनले भने,'महाधिवेशनका ४० प्रतिशत केन्द्रीय सदस्यहरुले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष महाधिवेशन बोलाउनुपर्नेछ । विद्यानमा स्पष्ट व्यवस्था गरिएको छ । यही व्यवस्थाबमोजिम पुस २८ भित्र विशेष महाधिवेशन आह्वान गर्नुपर्दछ । विधानको यो व्यवस्था केन्द्रीय कार्यसमितिका लागि रुचि, बहुमत वा अल्पमतको विषय होइन । यो बाध्यकारी, मेन्डोटरी व्यवस्था हो । अतः अब यसबाहेक अन्य कुनैपनि विकल्प छैन । केन्द्रीय कार्यसमिति बैठकको निर्णयका लागि समेत सबै ढोकाहरु बन्द भइसकेका छन् भन्ने हाम्रो ठहर हो । विशेष महाधिवेशन माग गरी पार्टीको केन्द्रीय कार्यालयमा दर्ता गरिएको हस्ताक्षरको सूचीमा विविध कारणले छुट्नुभएका तर पार्टीको महाधिवेशन समयमै होस् भन्ने भावना भएका सम्पूर्ण महाधिवेशन प्रतिनिधि साथिहरुलाई हस्ताक्षर गरी यस अभियानमा ऐक्यबद्धता जनाउन समेत अनुरोध गर्दछौं । विषेश महाधिवेशन महाधिवेशन प्रतिनिधिहरुको विषेश वैधानकि अधिकार हो । यो कुनैपनि दबाब वा कसैको प्रभावबाट रोकिदैन । तोकिएको अवधीविभित्र अर्थात अबको ५५ दिनभित्रमा महाधिवेशन सुनिश्चित नगरेर हामीलाई नअल्झाइयोस् । अविलम्व विधानको धारा १७(२) बमोजिम विशेष महाधिवेशनको मिति र स्थान तोक्ने निर्णय गरियोस् ।'उनले पार्टी विधानको धारा १७ (२) बमोजिम तत्काल विशेष महाधिवेशनको मिति र स्थान तोक्न माग गरे ।

### ४0 वर्षमुनिका युवाले थाले कांग्रेस सुधार अभियान

नेपाली कांग्रेसका युवा नेताहरूले कांग्रेस सुधार अभियान सुरु गरेका छन् । नेपाली कांग्रेसमा आस्थावान ४० वर्ष मुनिका युवाले पार्टीभित्र युवाको सम्मानजनक सहभागिता प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने माग गर्दै बुधबार १ सय १ सदस्यीय कांग्रेस सुधार अभियान केन्द्रीय संयोजन समिति गठन गरेका हुन् ।

पार्टीभित्र आमूल सुधार र रूपान्तरणका लागि पार्टीका हरेक तह र पार्टीका तर्फबाट तीनवटै तहमा हुने निर्वाचनमा ४० वर्षमुनिका ४० प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चितताका लागि दबाब दिन संयोजन समिति गठन गरिएको नेपाल विद्यार्थी संघका पूर्व कोषाध्यक्ष शिव रिमालले जानकारी दिए । उक्त समितिले खबरदारी गर्दै सुशासन कायम गर्न, पार्टीका तर्फबाट हरेक निकायको निर्वाचनमा उम्मेद्वार छनोट गर्दा 'प्राइमरी इलेक्सन'को व्यवस्था गराउनसमेत माग गरेको छ । पाटीभित्र विधानको संशोधन, लोकतन्त्रको संरक्षण, संवर्धनका लागि खबरदारी, नयाँ बहस र पैरवीका लागि सुरुवाती चरणमा प्रतिनिधिमूलक रूपमा समिति गठन गरिएको रिमालले बताए ।

# कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सञ्चारमन्त्रीको निर्देशन



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सञ्चार मन्त्रालय अन्तर्गतका निकायका सबै कर्मचारीलाई अनिवार्य सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने प्रक्रिया अघि बढाउन निर्देशन दिएका छन् ।

बुधबार मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा मन्त्री खरेलले उक्त निर्देशन दिए ।

मन्त्री खरेलले सार्वजनिक प्रसारणलाई गुणस्तरीय, विश्वसनीय तथा प्रभावकारी बनाउन आग्रह गरे ।

उनले सार्वजनिक सेवा प्रसारणको 'कन्टेन्ट'मा नवीनता र सिर्जनशिलता तथा प्रस्तुतिमा निखारपन आउनुपर्नेमा जोड दिए । मन्त्री खरेलले दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमलाई अपेक्षित उपलब्धि हासिल गर्न निर्देशन दिए । उनले सुरक्षण मुद्रण केन्द्रले सवारी अनुमति पत्र छाप्न थालेसँगै सर्वसाधारणलाई वितरण गर्न पनि आग्रह गरे ।

उनले संघीय सरकारका सबै मन्त्रालयलाई 'पेपरलेस' बनाउने काम माघ महिनाभित्र सम्पन्न गर्न पनि सम्बन्धित निकायलाई निर्देशन दिए ।

'डिजिटल ट्रान्सफरमेशन'का लागि पेपरलेस अनिर्वाय भएको उनले उल्लेख गरे । अहिले अर्थ मन्त्रालय र सञ्चारमन्त्रालयलाई पेपरलेस बनाइएको छ ।

मन्त्री खरेलले सहज रुपमा आम नागरिकले पाउने सेवामा कुनै पनि ढिलासुस्ती नगर्न मन्त्रालयअन्तर्गतका निकायलाई निर्देशन दिए । उनले भने, 'म पूर्ण रुपमा विश्वास गर्छु, तपाईंहरुकोतर्फबाट सहयोग हुनुपर्छ । अर्को त्रैमासिक बैठकमा मन्त्रालय अन्तर्गतका निकायका उपलब्धि सुखद होस् । आएका सुझावलाई सहजीकरण गर्न मन्त्रालयले पहल गर्नेछ ।'

सञ्चारमन्त्री खरेलले ज्येष्ठ पत्रकारका लागि निवृत्तिभरण कार्यक्रमलाई प्राथमिकता दिन सूचना तथा प्रशारण विभागलाई निर्देशन दिए । बैठकमा मन्त्रालयका सचिव राधिका अर्यालले सरकारी काम कारबाहीमा कमजोरी भएका कारण वर्तमान परिस्थितको सिर्जना भएकाले नयाँ शैली र प्रविधिमार्फत गतिशील भएर काम गर्नुपर्नेमा जोड दिए ।

उनले मन्त्रालय अन्तर्गत निकायको पुँजीगत खर्च बढाउन, राजस्व आयमा वृद्धि गर्न तथा बेरुजु फर्छौट गर्न पनि निर्देशन दिए । बैठकमा सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा.महेन्द्र विष्ट, राष्ट्रिय समाचार समिति (रासस) का महाप्रबन्धक सन्दीप राई, गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरी, प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसाल, सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुंगाना, दूरसञ्चार प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारी, नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक सविना मास्केलगायतले संस्थाले हासिल गरेका प्रगति विवरण प्रस्तुत गरेका थिए ।

# स्थानीय तहमा पठाइएको बजेट कटौती हुँदैन : मुख्यमन्त्री आचार्य



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ मंसिर

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्थानीय तहमा पठाइने अनुदानमा कुनै कटौती नहुने स्पष्ट पार्दै सेवाप्रवाह छिटो र व्यवस्थित बनाउन तीनै तहका सरकारले समान रूपमा ध्यान दिनुपर्ने बताएका छन् ।

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल लुम्बिनी प्रदेश समितिका पदाधिकारीसँग बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको छलफलमा मुख्यमन्त्री आचार्यले जनतासँग प्रत्यक्ष सम्बन्धित काममा छिटोपन र सहजता अनिवार्य भएको बताए । उनले भने,'जनताको काम छिटो र छरितो ढंगले सम्पन्न गर्न तीनै तहका सरकार एकमत भएर अघि बढ्न जरुरी छ । सुशासनलाई मुख्य लक्ष्य बनाएर सेवा प्रवाह सुधार गर्न प्रदेश सरकार निरन्तर प्रयासरत छ । यसमा स्थानीय सरकारले पनि आफ्ना कार्यक्रम बनाउन आवश्यक छ ।'

मुख्यमन्त्री आचार्यले चालू आर्थिक वर्षमा प्रदेश सरकारले विनियोजन गरेको बजेटमा २० प्रतिशत कटौती गर्ने निर्णय गरे पनि स्थानीय तहमा पठाइने समपुरक, विशेष र समानीकरण अनुदानमा कटौती नहुने स्पष्ट पारे । उनले भने, 'प्रदेशका विकास योजनामा मात्र २० प्रतिशत बजेट कटौती गर्ने निर्णय गरेका छौँ । स्थानीय तहमा पठाइने तीन प्रकारका अनुदानको रकम कटौती हुँदैन । ती योजना कार्यान्वयन गर्न सकिन्छ ।'

सो क्रममा जेन-जी आन्दोलनका क्रममा स्थानीय तहका कार्यालयमा भएको आगजनी र त्यसले पारेको प्रभावबारे पनि छलफल भएको थियो । महासंघले मुख्यमन्त्रीलाई बुझाएको ध्यानाकर्षण पत्रमा प्रदेश-स्थानीय समन्वय परिषद्को बैठक तत्काल बोलाउन आग्रह गरिएको छ । महासंघले पछिल्लो राजनीतिक अवस्थाले तीन तहबीच सहकार्यको आवश्यकता बढेको उल्लेख गर्दै विभिन्न मागहरू अघि सारेको छ ।

महासंघले बैठक मिति छिटो टुंगो लगाउन, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध मजबुत बनाउने कदम चाल्न, भदौ २३ र २४ गतेका घटनाबाट भएका क्षतिको पुनर्निर्माण योजना बनाउन तथा प्रदेश र स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत उपलब्ध स्रोत साधन प्रभावकारी रूपमा प्रयोग गर्न अनुरोध गरेको छ ।

त्यसैगरी महासंघले संघ सरकारले मितव्ययिताका नाममा कटौती गरेका योजना तथा अनुदान स्वीकृत आयोजना प्रभावित नपर्ने गरी निरन्तरता दिनुपर्ने, करार कर्मचारी नलागाउने निर्देशनले अत्यावश्यक सेवा प्रभावित भएको भन्दै स्वीकृत पद संरचना अनुसार सेवा प्रवाह गर्न प्रदेश सरकारले सहजीकरण गर्नुपर्ने माग गरेको छ ।

गाउँपालिका राष्ट्रिय महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष विष्णु कुमार गिरी, सचिव झग बहादुर विश्वकर्मा, कोषाध्यक्ष तुल्सीराम पुन मगर लगायत पदाधिकारी तथा सदस्यहरू छलफलमा उपस्थित थिए । गाउँपालिका राष्ट्रिय महासंघ लुम्बिनीका प्रदेशको बैठक पछि मुख्यमन्त्री आचार्यलाई भेट गरिएको गाउँपालिका राष्ट्रिय महासंघका समन्वय अधिकृत रविन गौतमले जानकारी दिएका छन् ।

# बन्चरेडाँडामा फोहोर विसर्जनमा पुनःअवरोध



**काठमाडौं/मस–** स्थानीयवासीको अवरोधका कारण बन्चरेडाँडामा फोहोर विसर्जन बुधबारदेखि पुनः प्रभावित भएको छ । नुवाकोटको ककनी र धादिङको धुनबेँसीस्थित बन्चरेडाँडामा फोहोर विसर्जन गरिँदै आइएको क्षेत्रका बासिन्दाले विगतका सहमति कार्यान्वयनको माग राख्दै गरेको अवरोधका कारण उपत्यकाबाट फोहर बोकेर आएका गाडीलाई काठमाडौं फिर्ता पठाइएको हो ।

फोहोर विसर्जन वैज्ञानिक रूपमा व्यवस्थित गरिनुपर्नेलगायत विगतका सहमति कार्यान्वयनको माग गर्दै स्थानीयले गत कात्तिक दोस्रो साता अनिश्चितकालीन बन्द घोषणा गरेका थिए । फोहोर बिर्सजनमा गरिएको अवरोध खुलाउन प्रभावित क्षेत्रमा गत कात्तिक १६ गते पुगेका सहरी विकासमन्त्री कुलमान घिसिङले सहमति कार्यान्वयनको चरणमा लैजान जनाएको प्रतिबद्धता पूरा नभएको भन्दै पुनः बुधबारदेखि अवरोध गरिएको धुनबेँसी नगरपालिका-१ का स्थानीय निराञ्जन सञ्जेलले बताए ।

विगतमा भएका सहमति कार्यान्वयनमा लैजाने मन्त्रीको मौखिक प्रतिबद्धतामा '१५ दिनभित्र कार्य सुरु गर्ने' अवधिको प्रगति उपलब्धिमूलक नभएपछि पुनः फोहोर विसर्जनमा अवरोध गर्नुपरेको उनको भनाइ छ ।

'सिसडोल बन्चरेडाँडा-कुँडुले ल्याण्डफिल क्षेत्रमा फोहोर व्यवस्थापनका सम्बन्धमा विगतमा भएका १८ बुँदे सहमति १५ दिनभित्र कार्यान्वयन सुरु हुन्छ भने पनि हालसम्म काम सुरु भएन,' सञ्जेलले भने, 'अहिले लिखित प्रतिबद्धतासहित काम सुरु हुनुपर्ने माग राखेका छौं ।' ककनी गाउँपालिका-१, २ र ३ तथा धुनबेँसी नगरपालिका-१ र ३ वडाका प्रत्यक्ष प्रभावित स्थानीयले दुई जिल्लाको सीमा ढाँडेस्थित सडकमा बसेर फोहर विसर्जन गर्न पुगेका गाडीलाई प्रवेश नदिई अवरोध जारी राखेका छन् । उनीहरूले विसं २०७९ जेठ २६ मा काठमाडौं महानगरप्रमुख बालेन्द्र शाहसहितको टोलीसँग भएको १८ बुँदे सहमति कार्यान्वयन हुनुपर्ने माग गरेका हुन् ।

उक्त सहमतिमा फोहोर विसर्जन रातको समयमा मात्र गरिने, दुर्गन्ध नआउने प्रबन्ध मिलाउने, फोहर बोकेका गाडीले लिच्चड नचुहाउने, फोहर विसर्जनपश्चात् लिच्चड खोलामा जान नदिन वैज्ञानिक व्यवस्थापन गर्नुपर्नेलगायत मागलाई समझदारीअनुसार चरणबद्ध रूपमा पूरा गर्ने उल्लेख छ ।

# इटहरीको त्रिनेत्र मोक्षधाममा मनाइयो बाला चतुर्दशी

**तेज बन/मध्यान्ह**
धरान, ३ मंसिर



सुनसरीको इटहरी-२ आयुर्वेदिक टोलस्थित त्रिनेत्र मोक्षधामले पहिलो पटक बाला चतुर्दशी भव्यताका साथ सम्पन्न गरेको छ । धार्मिक पर्यटकीय स्थलका रूपमा परिचित त्रिनेत्र अध्यात्म चिन्तन केन्द्र, कोशी प्रदेशको संकल्पमा स्थापित १०८ शिवलिङ्ग परिसरमा श्रद्धालुहरूले शतबीज छरेर चतुर्दशी मनाएका हुन् ।

सो परिसरमा पाँच हजारभन्दा बढी श्रद्धालुहरूले आफ्ना पितृहरूका मोक्षकामना गर्दै शतबीज छरेको त्रिनेत्र अध्यात्म चिन्तन केन्द्र कोशी प्रदेशकी अध्यक्ष सुभद्रा प्याकुरेलले बताए । रातभर महादीपदान गरेर बसेका भक्तजनहरूले चतुर्दशीको दिन बिहान स्नान गरी स्थापित १०८ शिवलिङ्ग स्थलमा शतबीज छरेको अध्यक्ष प्याकुरेलको भनाइ छ । इटहरी, सुन्दरहरैँचा, विराटनगर, उर्लाबारी, धरान, धनकुटा, भोजपुर, इलामलगायतका स्थानबाट आएका भक्तजनहरूले सो स्थानमा शतबीज छरेको अध्यक्ष प्याकुरेलले मध्यान्हलाई बताए ।

अघिल्लो दिन महादीपदान गर्न टाढाबाट आएका श्रद्धालुहरूलाई सुरक्षित आवास र भोजनको पनि व्यवस्था मिलाइएको थियो ।

१०८ शिवलिङ्ग परिसरमा बुधबार बिहान ४ बजेदेखि नै शतबीज छर्ने कार्य सुरु गरिएको थियो । श्रद्धालुहरूको भीड व्यवस्थापन गर्न आयोजक समितिलाई पनि कठिनाइ परेको थियो । उपस्थित भक्तहरू पितृ उद्धारका लागि उनीहरूको सम्झनामा शतबीज छर्नुका साथै खुलेरै दानसमेत गरेका थिए ।

बाला चतुर्दशीको अघिल्लो दिन, मार्ग कृष्ण त्रयोदशीका दिन, देशका विभिन्न शिवालयमा दीप प्रज्वलन गरी रातभर जाग्राम बस्ने तथा चतुर्दशीका दिन शतबीज रोपण गर्ने धार्मिक परम्परा रहेको १०८ शिवलिङ्ग निर्माण समितिका संयोजक बाबुराम सुवेदीले बताए ।

संयोजक सुवेदीका अनुसार, यसरी बत्ती बाल्दा पितृलोक झलमल्ल हुन्छ भन्ने विश्वास गरिन्छ भने शतबीज रोपणले पितृ उद्धार हुन्छ भन्ने जनविश्वास छ । शतबीज छर्नका लागि यहाँका श्रद्धालुहरू झापाको माइ, सुनसरीको रामधुनी हुँदै काठमाडौंको पशुपतिनाथ मन्दिरसम्म जाने गरेका छन् । तर आफ्नै शहरमा धाम निर्माण भएपछि पहिलो पटक शतबीज छर्न आउने भक्तजनहरूको घुइँचो लागेको सुवेदीले बताए ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०७/२० मा दर्ता भएको **प्रा. लि. नं. ३२२९४५** को **शिवाय एजुकेसन कन्सल्टेन्सी प्रा. लि.** को मिति २०८२/०८/०१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**सूचना**

**प्रकाशित मिति : २०८२/०८/०४**

बिगत लामो समय देखि एस कम्पनी मा बा २ च ३६७१ नम्बर को इसुजु कम्पनीबाट निर्माण भएको गाडी राखी सम्पर्कमा नआउनु भएको हुँदा एक हप्ता भित्र सम्पर्कमा आएर आफ्नो हिसाब मिलाइ गाडी लिएर जानू हुन यो सुचना प्रकाशन गरिएको छ । उक्त समय मा सम्पर्कमा नआउनु भएमा हामी जवाफदेही नहुने कुरा यसै सूचना मार्फत जानकारी गराउदछौं ।

**अशिम मल्टिट्रेडिङ्ग कम्पनी प्रा.लि.**
**शाखा कार्यालय मध्यपुर थिमी न.पा २ भक्तपुर ।**
**९८०१०६९०९८**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०१/१३ मा दर्ता भएको **दर्ता नं. २६३२३१** को **कलाँती चिल्ड्रेन फाउन्डेसन (मु.नगर्ने)** को मिति २०८२/०८/०१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**Joshipur Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
**Project Implementation Unit**
**Joshipur, Kailali**

**Letter of Intent (LOI)**

**Date of publication: 20th November, 2025**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID | Project Name, Location | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1. | NP-DWSSM-484029-CW-RFB | Construction of Lokhari(Simri) Water Supply Project in Joshipur Rural Municipality, Kailali. | SWAMINARAYAN / P. S. JV, Naubasta-8, Banke. | 9,61,30,194.95 |

**Project Manager**

**कतारमा रोजगार**

कम्पनीः STAR WAY TRADING AND CONTRACTING
पूर्व स्वीकृत मितिः २०८२/०८/०३
चलानी नं.: ६०२४७५९४
शहरः DOHA
L.T. No.: 333891

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cooks | 2 | 0 | स. काममा दक्ष | 2000 | ७७,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cashier | 18 | 0 | | 1700 | ६५,९७७ | | | | | | | |
| 3. | Chef Or Cook | 2 | 0 | | 3000 | १,१६,४३० | | | | | | | |
| 4. | Coffe Cook | 4 | 0 | | 2000 | ७७,६२० | | | | | | | |
| 5. | Cooker | 6 | 0 | | 2000 | ७७,६२० | | | | | | | |
| 6. | Driver | 1 | 0 | | 2000 | ७७,६२० | | | | | | | |
| 7. | Executive Sales | 2 | 0 | | 3500 | १,३५,८३५ | | | | | | | |
| 8. | Foreman | 1 | 0 | | 3000 | १,१६,४३० | | | | | | | |
| 9. | Helper | 7 | 0 | | 1200 | ४६,५७२ | | | | | | | |
| 10. | Juice Maker. | 9 | 0 | | 1800 | ६९,८५८ | | | | | | | |
| 11. | Kabab Maker | 2 | 0 | | 2000 | ७७,६२० | | | | | | | |
| 12. | Labourer | 23 | 0 | | 1200 | ४६,५७२ | | | | | | | |
| 13. | Salad Cook | 3 | 0 | | 2000 | ७७,६२० | | | | | | | |
| 14. | Store Keepers | 2 | 0 | | 2000 | ७७,६२० | | | | | | | |
| 15. | Waiters | 19 | 0 | | 1500 | ५८,२१५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ११ गते (27 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Perfect Recruiting Service Pvt. Ltd.**
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal, Tel : 014950764, 014987640
Email: info.perfectrecruiting@gmail.com, www.perfectrecruiting.com.np.
श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

४ मंसिर २०८२ बिहीबार
20 November 2025 Thursday

## सम्पादकीय

# निर्विकल्प चुनाव

प्रधानमन्त्री सुशीला कार्कीले दलहरूसँग संवाद र छलफल बढाएकी छन् । दलहरूसँगको छलफलमा उनले २१ फागुनका लागि तोकिएको आमचुनाव सरकार र दल दुवैको साझा जिम्मेवारी भएको बताएकी छन् । सँगै, युवा पुस्ताले दशकौंदेखिको भ्रष्टाचार, कुशासन र पहुँचवादी राजनीतिविरूद्ध उठाएको विद्रोहबाट अहिलेको सरकार बनेको उल्लेख गर्दै पुरानै शैलीको राजनीति अब स्वीकार्य नभएको पनि प्रस्ट पारिन् । प्रधानमन्त्री कार्कीले दलहरूलाई चुनावी सुरक्षाप्रति आश्वस्त हुन भनिरहेकै बेला सिमरा विमानस्थलबाहिर जेनजी समूह र एमाले कार्यकर्ताबीच झडप भएको छ । यसले दलीय गतिविधिले तनाब बढाउने प्रस्ट संकेत पनि गरेको छ ।

अहिलेको संवैधानिक र राजनीतिक संकटको एक मात्र निकास आमचुनाव हुन सक्छ । यो नै संविधानले दिएको राजनीतिक निकासको बाटो पनि हो । अन्तरिम सरकार बनेको दुई महिनापछि संसद् पुनर्स्थापनाको माग र सरकारको वैधानिकतामाथि प्रश्न उठ्नुले राजनीतिक अन्योल सिर्जना गरिरहेको छ । गतिविधिहरूले फेरि देशलाई अस्थिरतातर्फ धकेल्ने प्रधानमन्त्री कार्कीको चिन्ता छ । विघटित संसद्का ठुला दलहरू नेपाली कांग्रेस र नेकपा एमालेले अहिलेसम्म आमचुनावका लागि निर्वाचन आयोगमा दल दर्ता गराएका छैनन् । निर्वाचन आयोगले १० मंसिरसम्म दल दर्ताको म्याद तोकेको छ । ठुलो जनमत रहेका मुख्य दल नै सहभागी नभए त्यस्तो निर्वाचनले निकास दिन सक्दैन् । न त त्यस्तो चुनावको औचित्य नै रहन्छ । केही अघिसम्म मुख्य दल र तिनका नेता भेट्नसमेत आनाकानी गरिरहेकी प्रधानमन्त्री कार्कीले दल दर्ता गरेर चुनावमा आउन आह्वान गरेकी छन् । यसले चुनावी सरकार र दलबीचको दूरी घटेको संकेत गर्छ । अब सरकार सुरक्षा व्यवस्था बढाएर चुनावी वातावरण बनाउनतर्फ लाग्नुपर्छ ।

जेनजी विद्रोहबाट सत्ताच्युत भएको नेकपा एमालेले चुनावभन्दा संसद् पुनर्स्थापना गर्ने र सरकार फेर्ने रणनीतिमा देखिन्छ । वडा, पालिका, जिल्ला हुँदै प्रदेश तहमा जनप्रदर्शनको तयारी गरिरहेको एमाले पनि सहज रूपमा चुनाव हुने स्थितिमा भाग्न सक्ने स्थितिमा देखिँदैन । सरकारको विरोधका नाममै भए पनि उसले चुनावी तयारी गरेको रूपमा पनि विश्लेषण भइरहेको छ । एमाले अध्यक्ष केपी शर्मा ओली स्वयंले चुनाव भई नै हाल्ने स्थितिमा एमाले नभाग्ने बताइसकेका छन् । नेपाली कांग्रेस एक महिनादेखि बैठक बसिरहे पनि ठोस निर्णयमा पुगेको छैन । त्यही अन्योलबीच प्रधानमन्त्री कार्कीले चुनाव भयरहित, शान्तिपूर्ण र व्यवस्थित हुने प्रतिबद्धता जनाएकी छन् । चुनावी वातावरण बिगार्ने काम सरकार र दलहरू कसैले पनि गर्नुहुँदैन । चुनाव नजिकिँदै गर्दा राजनीतिक अभिव्यक्तिमा देखिएको द्वेषपूर्ण भाषा र आचारसंहिताविपरीत व्यवहार रोकिनुपर्छ । स्वस्थ चुनावी वातावरण निर्माणलाई सरकारले आफ्नो दायित्व ठानेर काम गर्नुपर्ने देखिन्छ । मुलुक इतिहासकै कठिन मोडमा रहेकाले सरकार, दल र जेनजी समूह विशेष संवेदनशील हुनुपर्नेबेला छ । अनिर्वाचित अस्थिरताको चक्रमा पर्नुअघि चुनावबाट निकास खोज्नुपर्छ । संविधानमा लागेका घाउचोटमा मलहमपट्टी लगाउने यो नै सही बाटो हो । फागुन २१ को मतपेटिकाले नै मुलुकलाई स्थिर राजनीतिक निकास दिनेछ । त्यसैले तोकिएको मितिमा आमचुनाव निर्विकल्प छ ।

# लगानीकर्ताको हितप्रति राज्य उदासीन

*राज्यले निजी क्षेत्रलाई उकास्ने, मनोबल वृद्धि गर्ने उनीहरूको लगानी सुनिश्चित गर्नेतर्फ ध्यान केन्द्रित गर्नु जरूरी छ । लगानीकर्ता र उद्यमीको निराशा चिर्न लगानी संरक्षणसम्बन्धी नयाँ योजना तथा तर्जुमा गर्ने विषयमा बहस गर्नुपर्नेबेला आएको छ ।*

**अग्रलेख**



● फलक शर्मा

